धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ४३ ◆ २०८३ भदौ १४ गते आइतबार, Sunday, August 30, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## मुख्यमन्त्री थापाले पठाए तीन ट्रक खाद्यान्न

भक्तपुर। बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरले रसुवाको उत्तरगया र धुन्चेका बाढीपीडितका लागि तीन ट्रक खाद्यान्न सहितको राहत सामग्री पठाउनुभएको छ।

यही भदौ १० गते नुवाकोट, भदौ ११ र १२ गते उत्तरगया तथा धुन्चेको स्थलगत अवलोकन गरी गृहजिल्ला भक्तपुर फर्किएलगत्तै मुख्यमन्त्री थापाले सो राहत सामग्री सङ्कलन गरी पठाउनुभएको हो। उहाँले रसुवाको उत्तरगया र धुन्चेमा विपद्मा परेका नागरिकका लागि अत्यावश्यक खाना र लत्ताकपडा स्थलमार्गबाट पठाएको बताउनुभयो।

मुख्यमन्त्री थापाले काठमाडौँबाट पठाएको राहत सामग्री विदुरमा मात्रै थुप्रिएकाले उत्तरगया र धुन्चेका लागि टिपर र ट्रकमा राहत सामग्री पठाएको बताउनुभयो। उहाँले बागमती प्रदेशको पहलमा छहरे, चौघोडा, बाहुनबेँसी, लच्याङ, सरमथली, पारिखर्क, पाँच्याङ पुल, भोर्ले, जेरोकिलो र बेत्रावती हुँदै पासाङल्हामु मार्ग जोड्ने वैकल्पिक सडक सञ्चालनमा ल्याएको जानकारी दिनुभयो। प्रदेश सरकारले रसुवामा अलपत्र परेका पर्यटकलाई निःशुल्क रूपमा विभिन्न यातायातका साधनमार्फत काठमाडौँ ल्याउने काम गरिरहेको छ।

## रसुवा बाढीमा बेपत्ता प्रहरी सहायक हवल्दार विष्टको शव पहिचान

कास्की। रसुवा बाढीमा परी बेपत्ता भएका नेपाल प्रहरीका प्रहरी सहायक हवल्दार दीपेन्द्र विष्टको शव पहिचान भएको छ।

पाल्पाको तानसेन नगरपालिका-१० घर भई इलाका प्रहरी कार्यालय टिमुरे, रसुवामा कार्यरत ३४ वर्षीय विष्ट बाढीपछि बेपत्ता हुनुभएको थियो।

बाढीपछि उहाँको शव गोरखामा फेला परेको हो। शव व्यवस्थापनका लागि पोखरा महानगरपालिका-१० रामघाटस्थित पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा राखिएकामा शनिबार परिवारले पहिचान गरेर अन्त्येष्टिका लागि घर लगेको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो। उहाँका अनुसार मृतक विष्टका दाजु दीपकबहादुरले शवको सनाखत गर्नुभएको हो।

रसुवा बाढीपछि विभिन्न जिल्लामा भेटिएका १०२ शव पोखरा ल्याइएको छ। शनिबार साँझसम्म ५० शवको परीक्षण सकिएको र १२ वटाको पहिचान भएको सहायक प्रमुख जिल्ला अधिकारी बरालले बताउनुभयो। पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा शव पहिचानका लागि बाढीमा बेपत्ता भएकाहरुका परिवारजन आउने क्रम बढेको छ।

प्रतिष्ठानमा शव पहिचानका लागि स्क्रिनमा तस्बिर हेर्ने व्यवस्था मिलाइएको छ।

प्रतिष्ठानमा शव व्यवस्थापनका लागि जिल्ला प्रहरी कार्यालयबाट खटिनुभएका प्रहरी निरीक्षक टेकप्रसाद सुवेदीले शव व्यवस्थापनको काम भइरहेको जानकारी दिनुभयो। "हुलियासहितको विवरण हेल्प डेस्कमा राखेर स्क्रिनमा पीडित परिवारले आएर हेर्न सक्ने प्रबन्ध गरेका छौँ", उहाँले भन्नुभयो।

## त्रिशूली-३ ए मा उद्धारको प्रयास जारी

काठमाडौँ। सरकारले बाढीका कारण र सुवास्थित त्रिशूली-३ 'ए' जलविद्युत् आयोजनाको टनेलभित्र फसेका नागरिहरूको उद्धारका लागि निरन्तर प्रयास भइरहेको जनाएको छ।



नेपाली सेनाका अनुसार सुरुङको प्रवेशद्वारमा थुप्रिएको बाढी, लेदो तथा भग्नावशेष पन्छाएर भित्र प्रवेश गर्नका लागि उद्धार टोलीले खन्ने र बाटो बनाउने काम तीव्र रूपमा जारी छ। एक्साभेटर लगायतका विभिन्न उपकरण तथा औजारको प्रयोग गरी निरन्तर लेदो र भग्नावशेष पन्छाउने काम भइरहेको छ।

नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको टोली प्राथमिकताका साथ खोजी तथा उद्धारमा जुटिरहेको छ। प्रतिकूल मौसम र भौगोलिक चुनौतीका बाबजुद संयुक्त टोलीले सुरुङको मुख खोलेर उद्धार कार्यलाई अघि बढाउन निरन्तर प्रयास गरिरहेको छ। सुरुङको प्रवेशद्वार नै पुरि एकाले लेदो हटाउने काम पूरा हुनासाथ टोलीभित्र प्रवेश गर्नेछ।

## सुरुङमा अक्सिजन पठाइयो

काठमाडौँ। रसुवास्थित भोटेकोशी नदीमा आएको बाढीका कारण त्रिशूली 'थ्रि-ए' आयोजनाको सुरुङभित्र फसेका व्यक्तिको उद्धार गर्न खटिएको टोली सुरुङको माथिल्लो भागसम्म पुग्न सफल भएको छ।

सो टोलीले सुरुङमा सानो प्वाल पारी अक्सिजन पठाउन सुरु गरिएको गृहमन्त्री सुधन गुरुङले फेसबुकबाट जानकारी दिनुभएको छ। उहाँका अनुसार अब सुरुङभित्र प्रवेश गर्ने मार्ग फराकिलो बनाएपछि उद्धार टोली पनि भित्र पठाइनेछ। अप्ठ्यारो भू-बनोटमा रहेको उक्त सुरुङमा फसेका व्यक्तिको उद्धार गर्न सरकारको आग्रहमा भारत र चीनबाट दक्ष उद्धारक शनिबार नेपाल आएका थिए। अपराह्नबाट उनीहरूको सहयोगमा नेपाली सुरक्षा फौजले त्यस क्षेत्रमा खोज तथा उद्धारलाई तीव्र बनाएको छ।

# भारत र चीनका सुरुङ उद्धार टोली बाढी प्रभावित क्षेत्रमा

❑ *राजकुमार पराजुली*

काठमाडौँ। छिमेकी मुलुकहरू भारत र चीनका सुरुङ उद्धार टोलीहरू भोटेकोशी बाढी प्रभावित क्षेत्रमा सुरुङमा फसिरहेका व्यक्तिको उद्धारमा खटिइ काम सुरु गरेका छन्।

रसुवालगायत क्षेत्रमा बुधबार आएको भीषण बाढीपछि प्रभावित क्षेत्रका कतिपय जलविद्युत् आयोजनाका सुरुङमा अझै कैयौँ व्यक्ति फसेका र नेपाली सुरक्षाकर्मीले उद्धार जारी राखेकाबेला दुवै छिमेकी मुलुकका सुरुङ उद्धार टोलीहरू शनिबारै नेपाल आइपुगेका हुन्।

भारतबाट शनिबार बिहान सहायता सामग्री तथा ११ सदस्यीय चिकित्सा र सुरुङ उद्धार टोलीसहितको उडान काठमाडौँ अवतरण गरी प्रभावित क्षेत्रमा खटिएको हो। त्यस्तै चीनबाट पनि सुरुङ उद्धार विशेषज्ञहरू अपराह्न नेपाल पुगी बाढी प्रभावित क्षेत्रमा खटिइसकेका छन्।

नेपाल सरकारले शनिबारै उद्धार कार्य जारी रहेकाले सुरुङभित्र फसेका व्यक्तिहरूलाई बाहिर निकाल्ने, प्रभावित क्षेत्रमा जीवित व्यक्तिहरूको स्थान पत्ता लगाउन सहयोग गर्ने प्रविधि सहयोगका लागि मित्रराष्ट्रहरूसँग अनुरोध गरिएको जनाएको थियो।

दुवै छिमेकी मुलुकले नेपालमा आइपर्ने यस्ते ठूला विपद्मा तत्काल सक्दो सहयोग गर्दै आएका छन्। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले बाढी आएकै दिन यही भदौ १० गते प्रधानमन्त्री वालेन्द्र शाहसँग टेलिफोन कुराकानीमा नेपालमा बाढीका कारण भएको जनधनको क्षतिप्रति समवेदना व्यक्त गर्नुभएको थियो।

त्यस्तै, चिनियाँ राष्ट्रपति सी चिनफिङले पनि शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेललाई नेपालमा बुधबार आएको भीषण पहिरोका कारण भएको विपत्तिप्रति समवेदना सन्देश पठाउनुभएको थियो।

परराष्ट्रमन्त्री शिशिर खनालले मन्त्रालयमा शनिबार आयोजित प्रेस ब्रिफिङमा उद्धार कार्य जारी रहेकाले सुरुङभित्र फसेका व्यक्तिहरूलाई बाहिर निकाल्ने, प्रभावित क्षेत्रमा जीवित व्यक्तिहरूको स्थान पत्ता लगाउन सहयोग गर्ने प्रविधि सहयोगका लागि मित्रराष्ट्रहरूसँग अनुरोध गरिएको बताउनुभएको थियो। त्यस्तै, शीघ्र फरेन्सिक तथा डिएनए परीक्षण र शव राख्नका लागि शवगृहजस्ता क्षेत्रमा नेपालको खोज तथा उद्धार प्रयासलाई थप सुदृढ गर्नसक्ने विशिष्ट तथा विशेषज्ञ सहयोगका लागि मित्रराष्ट्रहरू सँग अनुरोध गरिएको उहाँको भनाइ थियो। मन्त्री खनालले बाढी विनाशको स्तर अत्यन्त ठूलो रहेको र उद्धार तथा राहतको चरणमा मात्र होइन, अझ बढी पुनर्निर्माणको चरणमा अन्तराष्ट्रिय सहयोग तथा सहायता आवश्यक रहेको दाहोर्याउनु भयो।

साथै, उहाँले नेपालले अन्तरराष्ट्रिय सहायता तथा सहयोग अस्वीकार गरेको भन्ने केही गलत समाचार राष्ट्रिय तथा विदेशी सञ्चारमाध्यममा प्रसारित भएको उल्लेख गर्दै त्यसको खण्डनसमेत गर्नुभयो। सो अवसरमा उहाँले भारतबाट हालसम्म ५७ टनभन्दा बढी राहत सामग्री प्राप्त भइसकेको र चीन, जापान, अस्ट्रेलिया तथा अन्य मित्रराष्ट्रहरूबाट पनि आजै अत्यावश्यक सामग्री प्राप्त भइरहेको उल्लेख गर्नुभयो।

## गृहमन्त्री गुरुङद्वारा बाढी प्रभावित क्षेत्रको निरीक्षण

❑ *प्रत्यूष समाचारदाता*

रसुवा। गृहमन्त्री सुधन गुरुङले रसुवा बाढीबाट प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गर्दै खोज, उद्धार र शव सङ्कलन तथा राहत वितरणको कार्यलाई थप प्रभावकारी बनाउन सुरक्षा निकायलाई निर्देशन दिनुभएको छ।

गृहमन्त्री गुरुङले बेत्रावती, मैलुङ, स्याफ्रुबेँसी, टिमुरे, घट्टेखोला, रसुवागढी लगायत बाढीबाट प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गर्नुभएको रसुवाका प्रमुख जिल्ला अधिकारी तथा जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र परियारले जानकारी दिनुभयो।

भोटेकोशीमा गएको बाढीले रसुवाका विभिन्न क्षेत्रमा ठूलो जनधनको क्षति पुर्याएको छ। बाढीले टिमुरे, घट्टेखोला, स्याफ्रुबेँसी, मैलुङ र बेत्रावतीलगायतका बजार तथा बस्तीमा घर, होटल, पसल, सडक, पुल तथा सार्वजनिक संरचनामा ठूलो क्षति पुगेको छ। कतिपय स्थानमा बाढीले बस्तीको स्वरूप नै परिवर्तन गरिदिएको छ भने ठूलो सङ्ख्यामा नागरिक बेपत्ता भएका छन्।

स्थलगत निरीक्षणका क्रममा गृहमन्त्री गुरुङले जिल्ला विपद् व्यवस्थापन समितिले हालसम्म गरेको खोज तथा उद्धारकार्यप्रति सन्तोष व्यक्त गर्दै बाँकी रहेका कार्यलाई तीव्रता दिन जिल्लास्थित सुरक्षा निकायलाई स्पष्ट जिम्मेवारी तोक्नुभएको छ। उहाँको निर्देशनअनुसार नेपाली सेनाले खोज तथा उद्धार, नेपाल प्रहरीले शव सङ्कलन तथा व्यवस्थापन र सशस्त्र प्रहरी बलले राहत वितरणको जिम्मेवारी सम्हाल्नेगरी कार्यविभाजन गरिएको छ। बाढीका कारण प्रभावित क्षेत्रमा अझै बेपत्ता नागरिकको खोजी, शव सङ्कलन, घाइतेको उपचार तथा विस्थापित परिवारलाई खाद्यान्नलगायत अत्यावश्यक राहत सामग्री उपलब्ध गराउनुपर्ने अवस्था रहेको छ। गृहमन्त्री गुरुङको स्थलगत निरीक्षण तथा निर्देशनपछि बाढीबाट प्रभावित क्षेत्रमा उद्धार, शव सङ्कलन,



खाद्यान्न वितरण तथा स्वास्थ्य उपचार लगायतका काम अझ व्यवस्थित र छिटोछरितो हुने प्रभावितले अपेक्षा गरेका छन्। विशेषगरी बाढीले सडक तथा यातायात संरचनामा क्षति पुर्याएका कारण प्रभावित बस्तीमा राहत तथा उद्धार सामग्री पुर्याउन चुनौती देखिएको छ। यस्तो अवस्थामा सुरक्षा निकायबीच स्पष्ट कार्यविभाजन भएपछि बाँकी रहेका बेपत्ताको खोजी, शव सङ्कलन तथा जीवित व्यक्तिको उद्धारमा थप सहजता हुने स्थानीयको विश्वास छ।

## सरकारले स्रोतको कुनै कमी हुन दिँदैनः अर्थमन्त्री वाग्ले

नुवाकोट। अर्थमन्त्री डा स्वर्णिम वाग्लेले बाढी प्रभावित क्षेत्रको उद्धार, राहत तथा पुनःस्थापनाका लागि सरकारले स्रोतको कुनै कमी हुन नदिने बताउनुभएको छ।

नुवाकोट सदरमुकाममा जिल्ला समन्वय समितिले शनिबार आयोजना गरेको सर्वपक्षीय छलफलका क्रममा उहाँले उद्धार, राहत सामग्री वितरण र शव व्यवस्थापन अहिले सरकारको मुल मुद्दा रहेको बताउनुभयो।

"राहत सामग्री वितरणलाई न्यायोचित ढङ्गले वास्तविक पीडितसम्म पुर्याउने काममा तीनै तहको सरकारले समन्वय गर्न जरुरी छ", उहाँले भन्नुभयो, "शव व्यवस्थापन राजनीतिक दलहरूको सर्वस्वीकार्य सहमतिमा गरिन्छ। राज्यले स्रोतको कुनै कमी हुन दिँदैन।" अर्थमन्त्री वाग्लेले बाढीका कारण सम्पर्क विच्छेद भएका प्रमुख दुई/तीन वटा स्थानमा तुरुन्तै बेलिब्रिज राखिनेसमेत बताउनुभयो।

त्यसैगरी, सोही छलफलमा सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले भोटेकोशीमा हालै आएको बाढी कल्पनाभन्दा बढी शक्तिशाली भएकाले अहिले राज्यको पूरै शक्ति यहीँ केन्द्रित भएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "आजसम्म जुन स्तरमा काम भइरहेको छ, राज्यको पूरै शक्ति यहीँ केन्द्रित भएकाले मात्र यति सम्भव भएको हो।"

उहाँले तीनै तहको सरकारले स्वतःस्फूर्त रुपमा काम गरिरहेको बताउनुभयो। हिजोसम्म उद्धारलाई प्राथमिकता दिएकामा शनिबारदेखि शव सङ्कलनमा जोड दिएको उहाँले जानकारी दिनुभयो। उहाँले हाल सरकारसँग सात वटा बेलिब्रिज रहेकाले सम्भाव्यता हेरेर छिटोभन्दा छिटो कहाँकहाँ जोड्न सकिन्छ त्यहाँ राख्ने पहल भइरहेको बताउनुभयो। शव व्यवस्थापनका लागि अब धेरै समय नभएकाले कुनै ढिलाइ नगर्ने प्रतिबद्धता जनाउनुभयो। "यो चोट सम्पूर्ण सरकारलाई लागेको चोट हो", उहाँले भन्नुभयो, "यसका लागि सरकारले सकेको सबैथोक गर्छ। बागमती प्रदेशसभा सदस्य राधिका तामाङले राहत, पुनःस्थापना, उद्धारजस्ता काममा प्रदेश सरकारले उत्तिकै सक्रियता देखाएको बताउनुभयो। उहाँले खोजी गरेर उद्धारका पर्खाइमा रहेकालाई ल्याउनुपर्ने सुझाव दिनुभयो।

*सम्पादकीय ....*

## सहानुभुति जरुरी

अफ्ठ्यारोमा परिवारको मात्रै होइन, छिमेकीको सहयोग पनि झन् बढी अपेक्षित हुन्छ । हाम्रा दुई विशाल छिमेकी सम्पन्न छन् । नेपालमा परेको विपत्तिको मिलेर सामना गर्न जस्तोसुकै सहयोग गर्न पनि हामी तयार छौं भन्ने सन्देश दुवै देशबाट प्राप्त भएको छ । पहिलो चरणमा उद्धार तथा राहतको सामग्री आइसकेको छ । हामीले अफ्ठ्यारोमा मात्रै होइन, सजिलोमा पनि छिमेकीको साथ र सहयोग पाइरहने वातावरण बनाउनु पर्छ ।

चीन र भारतसँग ससाना विषयमा टीकाटिप्पणी गर्ने गलत अभ्यास छाड्नु पर्छ । राष्ट्र विपत्तिमा रहेका बेला सामाजिक सञ्जालमार्फत भारत, चीन र अमेरिकाको पक्षविपक्ष अनावश्यक बहस गर्ने कदापि देशभक्त हुन सक्दैनन् ।

कतिपय बौद्धिकका नाममा थोपरिएका अर्ती उपदेशले छिमेकीसँगको कूटनीतिक सम्बन्ध बलियो हुँदैन भन्नेबारेमा हामी सबै गम्भीर बन्नु पर्छ । राष्ट्र अफ्ठ्यारोमा परेका बेला खेल्ने हुन्छन् नै, राज्यका सबै संयन्त्रले विशेष सजगता अपनाउनु पर्छ ।

अफ्ठ्यारोमा साथ खोज्ने र सजिलोमा अनावश्यक टिप्पणी गर्ने हाम्रो आदत नै बसेको छ । छिमेकीसँगको सम्बन्धमा मात्रै होइन, देशका मूल खम्बा मानिने संस्थाप्रति पनि नकारात्मक टिप्पणी हुँदै आएका छन् । अफ्ठ्यारोमा आफ्नो उपयोगिता सिद्ध गर्दै आएको नेपाली सेना एउटा उदाहरण हो । जब देशमा विपत्ति आइलाग्छ, अग्रपङ्क्तिमा सेनाकै उपस्थिति हुन्छ । रसुवा बाढीमा फसेका व्यक्तिको उद्धारमा सेनाले देखाएको साहस, समर्पण र मानवीय भावनाले सबैको विश्वास जितेको छ । भारतीय विदेशमन्त्रीले पनि सेनाको उच्च प्रशंसा गरेका छन् । पुराना उद्धार सामग्रीको सहारा, असुरक्षा, भोको पेट र चौबिसै घण्टा अनिदो खट्नुपर्दा कति कठिन भएको होला ? सुरक्षा संयन्त्रबारे नकारात्मक टिप्पणी गर्ने पनि यतिबेला नतमस्तक छन् ।

सुरक्षा संयन्त्रको मानमर्दन भए राष्ट्र कमजोर हुन्छ । राष्ट्रियता कमजोर बनाउन प्रयोग हुनेहरू सेनाको बदनाम गर्न कोसिस गर्छन् । सेनाको मनोबल गिराउने होइन, उठाउने काम गरे राष्ट्रियता बलियो हुने छ । सेना कसैबाट प्रभावित पनि हुँदैन र कसैको पक्षविपक्षमा पनि उभिँदैन ।

राजनीति गर्ने मान्छेले राजनीतिक संयन्त्रमार्फत सुरक्षा संयन्त्रमाथि उठे/उठाइएका प्रश्नको समाधान खोज्नु पर्छ । सेनालाई सार्वजनिक रूपमा गाली गर्नु हुन्न । संसारभर कहीं पनि बौद्धिक वर्ग, नागरिक वा अरू कसैले सेनाबारे कुनै टिप्पणी गरेको सुनिन्न । एउटा अवकाशप्राप्त सैनिकलाई पनि आजीवन सम्मान गर्ने प्रचलन छ । जसले हाम्रो देशको रक्षाका लागि लडेको छ, उसको सम्मान गर्नु पर्छ भन्ने मनोविज्ञान विकसित छ ।

बेलायत, युरोप र अमेरिकामा त्यहीं जन्मिएको मान्छे मात्रै होइन, आप्रवासी पनि त्यहाँको सेनामा काम गरेको छ भने उसको पनि आजीवन सम्मान गरिन्छ । विदेशमा जन्मिएर पनि हाम्रो देशको रक्षाका लागि लडेको छ भन्ने सहानुभुति हुन्छ ।

## 'सुपर एल निनो'को सम्भावित जोखिम : चिन्ता ऊर्जा सङ्कटको

*प्रगति ढकाल*

विश्वव्यापी जलवायु परिवर्तनशीलताको प्रमुख चालकका रूपमा रहेको 'सुपर एल निनो'का नेपालमा सम्भावित जोखिमबाट ऊर्जा सङ्कट देखिन सक्ने जनाउँदै सरोकारवालाले चिन्ता व्यक्त गरेका छन् । 'सुपर एल निनो'का कारण तापक्रम बढ्ने, खडेरीको सम्भावना रहने र यसले पानीको स्रोतमा समेत कमी ल्याउँदा ऊर्जा क्षेत्र सहित समग्र सामाजिक-आर्थिक प्रणालीमा उल्लेख्य प्रभाव पार्न सक्ने जनाइएको छ ।

जलस्रोत, कृषि, ऊर्जा, खाद्य सुरक्षा तथा जनजीविकामा पर्नसक्ने जोखिम न्यूनीकरणका लागि राष्ट्रियस्तरमै पूर्वतयारी आवश्यक रहेकामा यस क्षेत्रका विज्ञ तथा सरोकारवालाले जोड दिएका छन् । सन् २०२६को अन्त्यदेखि २०२७ को सुरुआतसम्म एल निनो थप सशक्त भई 'धेरै बलियो' वा 'सुपर एल निनो'का अवस्थामा पुग्न सक्ने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागको प्रारम्भिक भनाइ छ ।

'सुपर एल निनो' सम्बन्धी वैज्ञानिक ज्ञान अभिवृद्धि गर्नु, विगतका एल निनो जोखिमबाट नेपालले प्राप्त गरेका अनुभव तथा सिकाइको समीक्षा गर्न, मौसमी पूर्वानुमान तथा जलवायु सेवाको उपयोग बढाउन, जलस्रोत, हिमम‌ण्डल, कृषि र ऊर्जा क्षेत्रमा पर्न सक्ने प्रभावको मूल्याङ्कन गर्नु तथा आवश्यक नीति, अनुसन्धान र संस्थागत समन्वयका प्राथमिकता पहिचान गर्न सरोकारवाल निकायबीच छलफल सुरु हुन थालेको छ ।

शुक्रबार यहाँ आयोजित कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडीले एल निनोको सम्भावित जोखिमका बारेमा अनुसन्धानकर्ता तथा कार्यान्वयनमा सङ्लग्न निकायलाई एउटै मञ्चमा ल्याएर छलफल गर्नु महत्वपूर्ण भएको बताउनुभयो ।

उहाँले जलवायु तथा मौसमसम्बन्धी तथ्याङ्कमा तापक्रम, वर्षा, नदीको बहाव र पूर्वानुमानको चर्चा हुने गरे पनि ती तथ्याङ्को प्रत्यक्ष सम्बन्ध नागरिकको जीवन, जीविकोपार्जन र अर्थतन्त्रसँग रहेको छ भन्नुभयो ।

सचिव दवाडीले भन्नुभयो, "धान रोप्नका लागि बीउ र मलको व्यवस्थापन गरिसकेको किसानले समयमा सिँचाइ नपाउँदा त्यसको असर वर्षाको तथ्याङ्कमा मात्र सीमित हुँदैन, यसले उसको समय, आम्दानी, उत्पादन र परिवारको जीविकामा असर पार्छ ।"

उहाँले पहाडी क्षेत्रमा पानीका मुहान सुक्दै जाँदा स्थानीय समुदायले पानीका लागि थप समय र श्रम खर्च गर्नुपर्ने तथा नदीको बहाव घट्दा जलविद्युत उत्पादनमा प्रत्यक्ष असर परी ऊर्जा सुरक्षामा चुनौती थपिने सक्ने जोखिम रहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो,"एल निनो मौसमविद्को मात्र विषय होइन, यो विकास, जीविकोपार्जन र अन्ततः मानव जीवनसँग प्रत्यक्ष जोडिएको विषय हो ।"

नेपाल जलवायु परिवर्तनका दृष्टिले जोखिममा रहेको उल्लेख गर्दै सचिव दवाडीले मुलुकमा वार्षिक करिब २२५ अर्ब घनमिटर पानी उपलब्ध भए पनि यसको समयगत र स्थानगत वितरण असमान रहेकाले कृषि अझै मनसुनमा निर्भर रहेको जानकारी दिनु ।

सो क्रममा उहाँले नेपालको ऊर्जा प्रणालीमा जलविद्युत्को भूमिका निरन्तर बढ्दै गएको र हिमाल, हिमनदी तथा हिमाली क्षेत्र नदी प्रणाली र जल सुरक्षाका महत्वपूर्ण आधार रहेको उल्लेख गर्नुभयो ।

सचिव दवाडीले नेपालमा विगतका एल निनो वर्षमा वर्षा घट्ने वा बढ्ने दुवै प्रवृत्ति देखिएको उल्लेख गर्दै उहाँले एल निनो देखिँदैमा नेपालमा निश्चित रूपमा कस्तो मौसम हुन्छ भन्ने निर्धारण नहुने बताउनुभयो । जल तथा ऊर्जा आयोगको सचिवालयका सरजुकुमार वैद्यले एल निनो महासागरमा हुने मौसमी फेरबदल मात्र नभई नेपालको जलस्रोत र अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पार्नसक्ने जलवायुजन्य जोखिम भएको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो , "विगतका अध्ययन तथा तथ्याङ्कले एल निनो र नेपालको वर्षाबीच सम्बन्ध देखाएको उल्लेख गर्दै उहाँले एल निनोका धेरै वर्षमा नेपालमा मनसुन कमजोर भई कम वर्षा भएको इतिहास रहेको छ । कमजोर मनसुनका कारण भूमिगत जल पुनर्भरण घट्ने, पहाडी क्षेत्रका मूल तथा धाराहरू सुक्ने तथा बढ्दो तापक्रमका कारण हिमाली क्षेत्रमा हिउँ र हिमनदी पग्लने दर तीव्र हुनसक्छ । "

नेपालको ८० प्रतिशतभन्दा बढी विद्युत् उत्पादन नदीको बहावमा आधारित जलविद्युत् आयोजनामा निर्भर रहेको उल्लेख गर्दै वैद्यले नदीको बहाव घट्दा विद्युत् उत्पादनमा कमी आई राष्ट्रिय विद्युत् प्रणालीको सन्तुलनमा चुनौती आउनसक्ने बताउनुभयो ।

सचिवालयका सहसचिव टिकाराम बरालले सुपर एल निनोको सम्भावित प्रभावलाई सम्बोधन गर्न ठोस कार्ययोजना निर्माणका लागि गोष्ठीले सहयोग पुग्ने बताउनुभयो । उहाँले वैज्ञानिक पूर्वानुमान, जोखिम मूल्याङ्कन र सम्बन्धित क्षेत्रका कार्यान्वयन निकायबीचको समन्वयलाई प्रभावकारी बनाएर पूर्वतयारीका काम अघि बढाउनुपर्नेमा जोड दिनुभयो । गोष्ठीमा सुपर एल निनोका कारण नेपालमा पानी, खाद्य, ऊर्जा तथा विपद् व्यवस्थापनका क्षेत्रमा पर्नसक्ने सम्भावित प्रभाव, जोखिम न्यूनीकरणका उपाय, पूर्वानुमानको प्रयोग तथा संस्थागत समन्वयका विषयमा छलफल भएको थियो ।

'एल निनो बलियो हुँदै जाँदा कम वर्षाको सम्भावना बढ्छ : जल तथा मौसम विज्ञान विभाग

जल तथा मौसम विज्ञान विभागले एल निनोको अवस्था कमजोरदेखि बलियो हुँदै जाँदा नेपालमा मनसुनका समयमा सामान्यभन्दा कम वर्षा हुने सम्भावना बढ्दै गएको जनाएको छ ।

विभागका महानिर्देशक डा अर्चना श्रेष्ठले एल निनोको अवस्थाअनुसार नेपालका विभिन्न भौगोलिक तथा प्रदेशगत क्षेत्रमा वर्षाको प्रवृत्ति फरक देखिए पनि बलियो एल निनोको अवस्थामा अधिकांश क्षेत्रमा सामान्यभन्दा कम वर्षाको अवस्था देखिने बताउनुभयो ।

उहाँका अनुसार कमजोर एल निनोका अवस्थामा मनसुन अवधिमा ८० प्रतिशतभन्दा बढी स्थानमा सामान्यभन्दा कम वर्षा हुने प्रवृत्ति देखिएको छ । प्रदेशगत विश्लेषणमा मधेस र बागमती प्रदेशमा यस्तो सम्भावना ६६ प्रतिशत तथा कर्णाली प्रदेशमा शतप्रतिशतसम्म देखिएको उहाँले बताउनुभयो ।

महानिर्देशक डा श्रेष्ठले भन्नुभयो, "कमजोर एल निनोमै पनि धेरैजसो ठाउँमा सामान्यभन्दा कम वर्षा देखिन्छ । बलियो एल निनो हुँदा त अधिकांश क्षेत्रमा सामान्यभन्दा कम वर्षा हुने अवस्था देखिन्छ ।" उहाँका अनुसार हिउँदमा भने प्रदेशअनुसार वर्षाको प्रवृत्ति फरक देखिन्छ । कोशी प्रदेशमा केही अवस्थामा सामान्यभन्दा बढी वर्षाको सम्भावना शतप्रतिशत सम्म देखिएको छ भने अन्य प्रदेशमा सामान्यभन्दा कम वा बढी वर्षाको फरक-फरक सम्भावना देखिएको छ ।

विभागले एल निनोको अवस्थालाई कमजोर, मध्यम र बलियो गरी वर्गीकरण गरेर वर्षाको तथ्याङ्क विश्लेषण गरेको उहाँले जानकारी दिनुभयो । उहाँले एल निनोको प्रभावको अध्ययनबाट प्राप्त स्थानगत तथा समयगत सूचनालाई कृषि, वन, जलस्रोत, ऊर्जा तथा विपद् व्यवस्थापनका क्षेत्रमा फरक-फरक ढङ्गले उपयोग गर्न सकिने बताउनुभयो । महानिर्देशक डा श्रेष्ठले एल निनोका कारण वर्षा घट्ने सम्भावना देखिए पनि सबै स्थानमा एउटै प्रकृतिको प्रभाव नपर्ने भएकाले पूर्वानुमानको स्थानगत सूचनालाई निर्णय प्रक्रियासँग जोड्नुपर्ने बताउनुभयो ।

विभागले एल निनो र नेपालको वर्षाबीचको सम्बन्धका विषयमा थप विश्लेषण तथा प्रस्तुतीकरण जारी राखेको र केही सत्रको अध्ययन अझै बाँकी रहेको उहाँले जानकारी दिनुभयो ।

## भक्तपुरमा मनाइयो गाईजात्रा

भक्तपुर । हास्यव्यङ्ग्य र ख्यालठट्टासहित दिवङ्गतहरूको आत्माको शान्तिको कामना गर्दै भक्तपुरमा आठ रात नौ दिन मनाइने साँया अर्थात् गाईजात्रा पर्व शनिबार साँझ भैरव मन्दिरबाट परालको ताहमचा निकालेर प्रदर्शन गरी फरक ढङ्गले मनाइएको छ ।

शनिबार पहिलो दिन बिहान तलेजु भवानीको साँया निकालेसँगै सुरु भएको गाईजात्रा आफन्तको सम्झनामा परम्पराअनुसार बिहान भालेको डाँकोसँगै तलेजु भवानीको साँया नगर परिक्रमा गरिएको हो ।

भैरवनाथ जात्रा सहयोग समिति लाकुलाछेंले साँझ भैल्द्यो अर्थात् परालको एक ताहमसाँ र लाकुलाछें टोलका १८ ताहासाँहरू नगर परिक्रमा गरी घुमाएको छ । भैल्द्य प्रत्येक वर्षजस्तै पोटरी स्क्वायर नजिकैको लाकुलाछें टोलबाट घुमाउन सुरु भई तौमढी, नगरका विभिन्न भाग, दरबरा स्क्वायर परिक्रमा गराएर जात्रा भव्य रूपमा मनाएको हो । जनै पूर्णिमाको साँझ गुठी संस्थानले सुकुलढोकास्थित नाट्येश्वरीको पूजा गरी निकालेको घिन्ताङघिसी नाचले नगर परिक्रमा गरेसँगै भक्तपुरमा साँपारु अर्थात् गाईजात्रा पर्व सुरु हुने परम्परा रहेको भक्तपुरका संस्कृतिविद् श्रीशरण जोशीले जानकारी दिनुभयो । धार्मिक परम्पराअनुसार भाद्र प्रतिपदाको एक दिनमात्र स्वर्गको ढोका खुला हुने जनश्रुति रहेकाले त्यस दिन गाईको प्रदर्शनले मृतकको आत्मालाई गाईको पुच्छर समातेर वैतरणी तर्दै स्वर्ग जाने जनविश्वास रहेको संस्कृतिविद् जोशी बताउनुहुन्छ । यस दिन गाईले हालेको एक पाइलाबाट एक अश्वमेघ यज्ञ गरेबराबरको फल प्राप्त हुने जनविश्वास रहँदै आएको छ ।

बच्चाहरूको मृत्यु भएमा डोकोमा लिङ्गअनुसारका कपडाले सिङ्गारेर ताहासामा जस्तै गाईको मुखाकृति, परालले बनाएको एकजोडा सिङ तथा कागजका अन्य सजावटका सामग्री राखेर गाईको प्रतीक बनार नगर प्रदर्शन गरिने अर्को संस्कृतिविद् हरिशरण अमात्यले जानकारी दिनुभयो ।

**गलत समाचार र भ्रामक सूचनाको पहिचान गरौं**

- कुनैपनि समाचार वा सूचना सार्वजनिक गर्नुअघि स्रोतको सत्यता जाँच गरौं,
- आधिकारिक निकायबाट प्रकाशित सूचना र समाचारमा विश्वास गरौं,
- शीर्षक मात्र होइन, सम्पूर्ण सामग्री पढेर बुझ्ने बानी बसालौं,
- अपुष्ट, भ्रामक वा उत्तेजनात्मक सामग्री सामाजिक सञ्जालमा सार्वजनिक नगरौं,
- फोटो, भिडियो वा अडियोको सत्यता पुष्टि गरेर मात्र विश्वास गरौं,
- अफवाह फैलाउने कार्यबाट टाढा रहँदै जिम्मेवार नागरिक बनौं,
- गलत सूचना भेटिएमा सम्बन्धित निकायलाई जानकारी दिऔं

सत्य, तथ्य र जिम्मेवार सञ्चार संस्कृतिको विकास गरौं

नेपाल सरकार,
**विज्ञापन बोर्ड**

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# सरकार बाढी प्रभावितको साथमा छ : प्रधानमन्त्री

काठमाडौं। प्रधानमन्त्री बालेन्द्र शाहले नेपाल सरकार बाढी प्रभावित नागरिकहरूका साथमा रहेको बताउनुभएको छ। शनिबार सामाजिक सञ्जालमार्फत उहाँले बाढी प्रभावित क्षेत्रमा उद्धार तथा पुनःस्थापनाका कार्यहरू नतिजा नआएसम्म निरन्तर जारी रहने बताउनुभएको हो।

विनाशकारी बाढीले रसुवा, नुवाकोट, धादिङलगायतका तटीय क्षेत्रमा निकै ठूलो जनधन र भौतिक क्षति पुर्‍याएकोप्रति नेपाल सरकार अत्यन्तै गम्भीर र संवेदनशील रहेको उल्लेख गर्दै उहाँले बाढी आएलगत्तै सरकारले प्रभावित क्षेत्रमा उद्धार, खोजी र राहत कार्यलाई कुनै पनि कसर बाँकी नराखी अहोरात्र तीव्र पारिरहेको बताउनुभयो।

"सङ्घ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूसँगको निरन्तर समन्वय, सहकार्य र सहजीकरणमा यो कार्यलाई पूर्ण क्षमताका साथ निरन्तरता दिइएको छ। राज्यका सबै किमिसका संयन्त्रबाट प्रभावित प्रत्येक नागरिकको जीवनरक्षा नै सरकारको पहिलो प्राथमिकता बनेको कुरा दोहोर्‍याउन चाहन्छौं", उहाँले भन्नुभयो।

उहाँका अनुसार प्रतिकूल मौसम र विकट भौगोलिक परिस्थितिका बाबजुद पनि प्रभावित क्षेत्रबाट आज ५:३० बजेसम्म सात हजार ५१४ जना मानिसलाई हवाई र स्थलमार्गमार्फत सफलतापूर्वक उद्धार गरी सुरक्षित स्थानमा पुर्‍याइएको छ। जसमध्ये विभिन्न जलविद्युत् आयोजना क्षेत्रमा फस्नुभएका २७९ जना मानिसको उद्धार भइसकेको छ भने बाँकी क्षेत्रमा नेपाली सेनाले उद्धारको प्रयास जारी राखेको छ। उद्धारमा भारतीय र चिनियाँ विज्ञहरू नेपाली सेनासँगको समन्वयमा खटिनुभएको छ।

प्रभावित क्षेत्रमा उद्धार कार्यका लागि नेपाली सेना र निजी क्षेत्रका गरी १६ वटा हेलिकप्टर प्रयोग गरेर हालसम्म २३६ वटा उडान भरिसकेको अवस्था छ। प्रभावित क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका गरी १८ हजार ७०८ जना सुरक्षाकर्मी खटिनुभएको छ।

"हामीलाई प्राप्त सुझाव र गुनासोलाई ध्यानमा राख्दै प्रभावित क्षेत्रमा परिचालन हुने सुरक्षाकर्मीको सङ्ख्या हरेक दिन बढाउँदै लगिएको छ भने थप हेलिकप्टरहरू तयारी अवस्थामा राखिएका छन्। तर, भौगालिक अवस्था र प्रतिकूल मौसमका कारण एकैपटक धेरै उडान भर्न सकिएको छैन। ज्यान जोखिममा राखेर खटिने सुरक्षाकर्मीको मनोबल उच्च राख्न दैनिक खाजा खर्च र प्रोत्साहन भत्ता वृद्धि गर्ने निर्णयसमेत गरिएको छ। उद्धारका क्रममा आवश्यकता अनुसार अन्तरराष्ट्रिय समुदायबाट पनि सहयोग लिइरहेका छौं", उहाँले भन्नुभएको छ।

साथै सरकार प्रभावित क्षेत्रबाट उद्धार गरिएका जटिल घाइतेहरूलाई काठमाडौँका विभिन्न अस्पतालहरूमा ल्याएर उपचार गरिरहेको उहाँको भनाइ छ। "अन्य घाइतेहरूलाई रसुवाको धुन्चे र नुवाकोटको बट्टारस्थित नेपाली सेनाको ब्यारेकमा मोबाइल अस्पताल खडागरी काठमाडौंबाट जानुभएका विभिन्न विशेषज्ञसहितको मेडिकल टोलीले निरन्तर उपचार गरिरहनुभएको छ।

यस्तै, काठमाडौंबाट गएका विभिन्न चिकित्सकसहितको टोलीले धुन्चे, स्याफ्रुबेँसी, रसुवा अस्पताल र हेली क्षेत्रमा दुई गरी पाँच स्थानबाट स्वास्थ्य सेवा दिइरहनुभएको छ", उहाँले भन्नुभयो।

साथै, घाइते र उहाँहरूका परिवारका सदस्यहरूलाई मनोपरामर्श सेवासमेत प्रदान गरिरहेको उहाँको भनाइ छ। अस्पतालमा रगतको सहज उपलब्धताका लागि सरकारले 'रक्त सूचना पोर्टल'सञ्चालन गरी कुन अस्पतालमा कति रगत उपलब्ध छ भन्ने विवरण सार्वजनिक रूपमा जानकारी दिने व्यवस्था मिलाएको छ। प्रभावित क्षेत्रमा स्वास्थ्य सेवा प्रवाहको थालनी गरिसकेका छौं। विभिन्न अस्पतालमा उपचारार्थ घाइते नागरिक निको भएर घर जानेक्रम जारी छ।

प्रधानमन्त्री शाहका अनुसार हालसम्म रसुवा, धादिङ, नुवाकोट, चितवन, तनहुँ, गोरखा, नवलपरासीपूर्व र नवलपरासी पश्चिमका विभिन्न स्थानमा ६७५ वटा शव फेला परेका छन्। फेला परेका शवलाई 'एयर टाइट ब्याग' मा राखेर व्यवस्थापन गर्ने काम भइरहेको छ।

"यी शवलाई 'पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८३'बमोजिम व्यवस्थापन गरिँदैछ। पहिचान गर्न नसक्ने अवस्थामा भेटिएका शवलाई मात्रै डिएनए लगायत अन्य पहिचानलाई सहयोग गर्ने आधारहरू सुरक्षित राखी सरकारले आफैं व्यवस्थापन गर्न लागेको हो। परिवारले पहिचान गरेका शव भने उहाँहरूलाई जिम्मा लगाउने काम भइरहेको छ। त्यसैले यस विषयमा कुनै पनि भ्रममा नरहन सबैमा अनुरोध गर्दछौं", उहाँले भन्नुभएको छ।

उहाँका अनुसार प्रभावित क्षेत्रबाट उद्धार गरिएका घाइतेबाहेक अन्य प्रभावित नागरिकका लागि जिल्ला प्रशासन कार्यालय, स्थानीय तहलगायतको समन्वयमा रुसुवामा तीन, नुवाकोटमा १५ वटा शिविर स्थापना गरिएको छ। यी शिविरका लागि सङ्घीय सरकारले राहत सामग्री निरन्तर रूपमा पठाइरहेको छ।

नेपाल रेडक्रस, नेपाल स्काउट, लायन्स क्लब तथा अन्य स्वयंसेवी संस्थाका संयन्त्रसमेत परिचालित छन्। बाढीबाट विस्थापित करिब तीन हजार ५०० जना नागरिकलाई तत्काल बसोबास गराउन विद्यालय तथा सार्वजनिक/सामुदायिक भवनमा अस्थायी आवासको व्यवस्था मिलाइएको छ। पीडितहरूका तत्काल आवश्यकपर्ने खाद्य तथा अन्य दैनिक उपभोगका सामग्रीको सहज व्यवस्थापनका लागि पनि सरकार जुटिरहेको छ।

यसैक्रममा त्रिभुवन विमानस्थलको वेयर हाउस, काठमाडौं जिल्ला प्रशासन कार्यालय, सामाखुसीस्थित नेपाल प्रहरीको विपद् तालिम केन्द्र र बबरमहलस्थित सहरी विकास तथा भवन निर्माण विभाग परिसरमा राहत सामग्री सङ्कलन भइरहेको छ।

सङ्कलित राहत सामग्री हवाई तथा स्थलमार्गबाट हालसम्म नुवाकोटको बट्टारमा रहेको नेपाली सेनाको मैथिल ब्यारेक र रसुवाको उत्तरगयामा पुर्‍याउने काम भइरहेको छ। साथै, मैथिल ब्यारेकबाट धादिङको बैरेनी प्रहरी कार्यालय र रुसुवाको धुन्चेस्थित नेपाली सेनाको ब्राबेल ब्यारेक पुर्‍याउने गरिएको छ। त्यहाँ सङ्कलित राहत सामग्री जिल्ला प्रशासन कार्यालय का सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वको सुरक्षाकर्मी तथा अन्य सरोकारवालाहरू सम्मिलित समितिले प्रभावित क्षेत्रमा पुर्‍याएर वितरण गरिरहेको छ। शनिबार मात्रै एमआइ-१७ हेलिकप्टरमार्फत त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट खाद्य सामग्री रसुवाको धुन्चेमा पुर्‍याइएको छ। साथै, आजै स्थलमार्गबाट अत्यावश्यक खाद्य र गैरखाद्य राहत तथा उद्धार सामग्री धुन्चे र उत्तरगया गाउँपालिका पठाइएको छ। विभिन्न सङ्घसंस्था र सहयोगी निकायले समेत सिधै सम्बन्धित जिल्ला प्रशासन कार्यालयका सम्बन्धित सम्पर्क विन्दुहरू मा राहत सामग्री पठाउनेक्रम जारी छ। प्रभावित क्षेत्रमा नेपाल टेलिकमका १२० र एनसेलका ७८ वटा बिटिएस टावर सञ्चालनमा रहेकामा बाढीका कारण नेपाल टेलिकमका ३८ र एनसेलका २७ वटा टावरको सेवा अवरुद्ध भएको थियो। कतिपय ठाउँमा टावरमै ठूलो क्षति पुगेको थियो भने कतिपय ठाउँमा ऊर्जाको अभाव भएको थियो। सरकारले तत्कालै हेलिकप्टर र सडकमार्गमार्फत इन्धन, सोलार प्यानल र जेनेरेटर ढुवानी गरेर टावर पुनःसञ्चालनमा ल्याएको छ। जसमध्ये अहिलेसम्म नेपाल टेलिकमका ९० र एनसेलका ७१ वटा टावर सञ्चालनमा आइसकेका छन् भने बाँकी टावर पनि चाँडै सञ्चालनमा ल्याउने गरी मर्मत कार्य भइरहेको छ।

बाढीले मुख्य सडकमा क्षति पुर्‍याएर प्रभावित क्षेत्रसम्म पुग्न समस्या भइरहेकाबेला हाल काठमाडौँ-टोखा-छहरे-गड्खार पुल-आप्र-नर्जा-लच्याङ-सरमथली-पाटीखर्क हुँदै बोगटीटार-कालिकास्थान-धुन्चे सडकखण्ड चारपाङ्ग्रे साना सवारीसाधन सञ्चालन हुनेगरी मर्मत गरिएको छ। यो सडकखण्ड खुलेसँगै रसुवा पुनःराष्ट्रिय सडक सञ्जालसँग जोडिएको छ। यस्तै, पृथ्वी राजमार्गअन्तर्गत गल्छी-मलेखुको १३ किलोमिटर खण्डमा थुप्रिएको लेदो पन्छाएर पृथ्वी राजमार्ग पनि पूर्ण रूपमा सञ्चालनमा ल्याइ सकिएको छ। धादिङबेँसी जाने वैकल्पिक सडक सञ्चालनमा आएको छ। परेवाटार-नेपालटार-गजुरीटार-पीपलटार-आदमटार-बेलिनटार-केउरिनीटार हुँदै मास्टार जोडिने सडक सञ्चालनमा आएसँगै धादिङबेँसी पुनः सडक सञ्जालमा जोडिएको छ।

## चार दिनपछि सात वर्षीया बालिकाको उद्धार

रसुवा। भोटेकोशी नदीमा बाढी आएको चार दिनपछि गोसाइँकुण्ड गाउँपालिका-२ टिमुरेमा माटोमा पुरिएकी सात वर्षीया बालिकाको शनिबार दिउँसो जीवितै उद्धार भएको छ।

सशस्त्र प्रहरी बल नेपाल २० नम्बर गुल्म धुन्चेबाट खटिएको टोलीले हिलाम्मे अवस्थामा रहेकी बालिका शिरगङ्गा इचाई मगरको उद्धार गरेको हो। गम्भीर घाइते अवस्थामा भेटिएकी बालिकालाई हेलिकप्टर मार्फत रसुवा जिल्ला अस्पताल धुन्चे लगिएको उद्धारमा संलग्न प्रहरीले जनाएको छ।

धुन्चे अस्पतलाका वरिष्ठ सर्जन डा सुनीलकुमार दासले बालिकाको अवस्था गम्भीर देखिएकाले थप उपचारका लागि शिक्षण अस्पताल महाराजगन्जमा 'रेफर' गरिएको जानकारी दिनुभयो। घाइते बालिकाकी आमा



अर्घाखाँची स्थायी घर भई हाल ग्लोबल आइएमई बैंकको टिमुरे शाखामा कार्यरत गीता इचाइ मगर र बुबा लोकबहादुर उचाइलाई सोही स्थानबाट उद्धार गरी नेपाली सेनाको हेलिकप्टरमार्फत थप उपचारका लागि यसअघि काठमाडौं पठाइएको सशस्त्र प्रहरी निरीक्षक सोम गुरुङले जानकारी दिनुभयो।

# भोटेकोशी बाढीः १५ देशका १८७ पर्यटकको उद्धार

काठमाडौं। रसुवाको भोटेकोशीमा आएको बाढीमा परेर हराएका विभिन्न देशका पर्यटकमध्ये १८७ जनाको उद्धार गरिएको छ।

नेपाल पर्यटन बोर्डले दिएको जानकारीअनुसार गत बुधबार बिहान भोटेकोशीमा आएको बाढीमा परेर सम्पर्कविहीन भएकामध्ये १८७ जनाको उद्धार गरिएको हो। पर्यटन बोर्डका निमित्त प्रमुख कार्यकारी अधिकृत (सिइओ) हिक्मतसिंह ऐरले विभिन्न कम्पनीमार्फत गोसाइँकुण्ड र कैलाश मानसरोवर गएर हराएकमध्ये १५ देशका १८७ पर्यटकको उद्धार गरिएको जानकारी दिनुभयो।

उद्धार गरिएका पर्यटकमध्ये भारतका ११४, चीनका २७, दक्षिण कोरियाका २०, जर्मनीका चार, बेल्जिएमका एक, बुल्गेरियाको एक, इटाली तीन, माल्टा चार, ओमन एक, पोर्चुगल एक, रसिया दुई, स्पेन दुई, स्वीजरल्याण्ड दुई, टर्की दुई र अमेरिकाका तीन रहेका छन्। बाढीमा परेर अझै ४२० पर्यटक सम्पर्कविहीन भएको नेपाल पर्यटन बोर्डले जनाएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड, पर्यटक प्रहरी र अन्य पर्यटन सरोकार वालाहरूले प्रभावित क्षेत्रमा रहेका पर्यटकको खोजी र उद्धार कार्यलाई तीव्रता दिएका छन्। घाइते र अलपत्र परेकालाई सुरक्षित स्थानमा ल्याउन सबै आवश्यक प्रयास भइरहेको बोर्डले जनाएको छ।

नेपाल पर्यटन बोर्डले 'पर्यटकको सुरक्षा हाम्रो पहिलो प्राथमिकता हो' भन्दै सबैलाई धैर्य र सतर्क रहन आह्वान गरेको छ। नेपाल पर्यटन बोर्डले कुनै पनि जानकारी वा सहयोगका लागि टोल फ्री नं १२३४, हटलाइन नं ११४४ र पर्यटन प्रहरी ९८५१२८९४४५ मा सम्पर्क गर्न भनेको छ।

# प्रकोप कोषमा पाँच अर्बभन्दा बढी संकलन

काठमाडौं। बाढी प्रभावितका लागि सरकार ले सञ्चालन गरेको प्रधानमन्त्री दैवी प्रकोप कोषमा रु पाँच अर्बभन्दा बढी रकम सङ्कलन भएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार प्रधानमन्त्री दैवी प्रकोप कोष र प्रधानमन्त्री कोषमार्फत पीडितहरूका लागि आर्थिक सहयोग जुटनेक्रम बढेको छ।

कार्यालयले 'उद्धार अनुरोध पोर्टल' सञ्चालन गरी यी कोषमा हालसम्म स्वदेश तथा विदेशबाट प्राप्त रकमको पूर्ण विवरण पूर्ण पारदर्शी रूपमा सार्वजनिक गरेको हो। प्रधानमन्त्री राहत कोषमा शनिबार मध्याह्नसम्म नौ वटा वाणिज्य बैंकका खातामा पाँच अर्ब चार करोड ४६ लाख ८१ हजार ३६९ रुपैयाँ जम्मा भएको कार्यालयको भनाइ छ। यस्तै, हिमालयन र लक्ष्मी बैंकमा थप १८ लाख आठ हजार १८९ अमेरिकी डलर जम्मा भएको छ।

विपद्को यस विषम परिस्थितिमा प्राप्त हुने सहयोगको पारदर्शी उपयोग, सही व्यवस्थापन र सम्भावित वित्तीय ठगीबाट बच्नका लागि सरकारले सार्वजनिक गरेको आधिकारिक 'क्युआरकोड' र खाताको नाम (प्रधानमन्त्री दैवी प्रकोप कोष र प्रधानमन्त्री कोष)मा मात्र आर्थिक सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ। खाताको विस्तृत विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको आधिकारिक वेबसाइटमा उपलब्ध गराइएको कार्यालयको भनाइ छ।

# भोटेकोशी बाढीः मृतकका परिवारलाई प्रतिव्यक्ति रु २५ हजार, शव व्यवस्थापनमा रु तीन करोड

भक्तपुर। बागमती प्रदेश सरकारले रसुवा बाढीमा परी ज्यान गुमाएकाको अन्तिम संस्कारका लागि प्रतिव्यक्ति रु २५ हजारका दरले राहत उपलब्ध गराउने भएको छ।

बागमती प्रदेशका मुख्यमन्त्री किरण थापाले शनिबार आयोजित पत्रकार सम्मेलनमा सो जानकारी दिँदै विपद्को यस घडीमा पीडित पक्षलाई राहत, उद्धार गर्न र सडक, पुललगायतका भौतिक संरचना निर्माणलाई प्राथमिकता दिने बताउनुयो।

उहाँले भदौ १० गतेदेखि १२ गतेसम्म तीन दिन मुख्यमन्त्रीको नेतृत्वमा मन्त्री सहितको टोलीले बाढी प्रभावित क्षेत्रमा पुगेर खोज तथा उद्धार, राहत, उपचार, अस्थायी आवास र सुरक्षित आवागमनलाई उच्च प्राथमिकता राखेको जानकारी दिनुभयो। मुख्यमन्त्री थापामगरले भन्नुभयो, "भोटेकोशी मा आएको बाढीमा परी मृत्यु भएका व्यक्तिको अन्तिम संस्कारका लागि सम्बन्धित परिवारलाई प्रतिमृतक रु २५ हजारका दरले राहत उपलब्ध गराउने निर्णय गरेको छ। बाढीका कारण घरबारविहीन भएका नागरिकका लागि प्रदेश सरकारले अस्थायी बसोबास तथा भोजनको व्यवस्था गरेको छ।"

उद्धार र राहतलाई छिटो र प्रभावकारी बनाउन बाढीबाट सकुशल उद्धार गरिएका प्रभावित व्यक्ति तथा सनाखत भएका शव सम्बन्धित ठेगानासम्म पुऱ्याउन लाग्ने खर्च पनि बागमती प्रदेश सरकारले व्यहोर्ने उहाँले बताउनुभयो।

प्रदेश विपद् व्यवस्थापन कोषमार्फत सम्बन्धित पालिकाको विपद् व्यवस्थापन कोषमा रकम उपलब्ध गराउने र खर्च अभावका कारण पहिचान भएका शव पनि आफन्तले घर लैजान नसक्ने भए त्यसका लागि लाग्ने खर्च बागमती प्रदेश सरकारले व्यहोर्ने उहाँले स्पष्ट पार्नुभयो। प्रदेश सरकारले यसका लागि रसुवा र नुवाकोट जिल्लाको सम्बन्धित स्थानीय विपद् व्यवस्थापन कोषमा एक करोडका दरले रु दुई करोड र धादिङ तथा चितवन जिल्लालाई ५० लाखका दरले तीन करोड रुपैयाँ उपलब्ध गराउने भएको उहाँले बताउनुभयो।

यसैगरी, गोसाइँकुण्ड, कैलाश मानसरोवर तथा अन्य धार्मिक यात्राका क्रममा अलपत्र परेका तीर्थयात्रीको सुरक्षित आवागमनका लागि दुई दिनदेखि निःशुल्क बस सेवा सञ्चालन गराएको उहाँले बताउनुभयो।

बाढीका कारण त्रिशूली-धुन्चे सडकखण्ड, त्रिशूली-गल्छी हुँदै काठमाडौं जोड्ने सडक अवरुद्ध भएका अवस्थामा वैकल्पिक सडकमार्ग खुलाइ यथाशीघ्र सञ्चालनमा ल्याउने काम गरेको, भदौ १० गते नै नुवाकोट विदुरस्थित विभिन्न चार स्थानमा अस्थायी आश्रयस्थल तथा खानाको प्रबन्ध गरेको र चार ठाउँमा स्वास्थ्य शिविर सञ्चालन गरेको मुख्यमन्त्रीले बताउनुभयो। पत्रकार सम्मेलनमा प्रदेश सरकारका प्रवक्ता एवं भौतिक पूर्वाधार विकासमन्त्री भरतबहादुर केसीले मुख्यमन्त्रीको टोली धुन्चे पुगेपछि ६०० लिटर डिजेल र पेट्रोलको व्यवस्थासहित स्थानीय अस्पताल, यातायात तथा टेलिकम टावर सञ्चालनमा ल्याएको बताउनुभयो।

उहाँले सडकमार्गमा रहेका ४० भन्दाबढी पुल भत्किँदा अवरुद्ध आवागमनको वैकल्पिक व्यवस्थाका रुपमा सम्भावित स्थानमा बेलिब्रिज, झोलुङ्गे पुल तथा ट्रुइन निर्माणका लागि आवश्यक स्थानको पहिचान गरी सोहीअनुसार व्यवस्था गरिने जानकारी दिनुभयो। नुवाकोटको छहरे, चौघडा, बाहुनबेँसी, नर्जामण्डप, लच्याङ, सरमथली पाटीखर्क, हिल्चेकको पुल, भोर्ले, जिरोकिलो, पासाङल्हामु राजमार्ग हुँदै धुन्चेसम्मको वैकल्पिक मार्ग सञ्चालनमा ल्याउने कामलाई तीव्रता दिइएको बताउनुभयो।

## कृषि तथा वन विज्ञान विश्वविद्यालयले उद्धार कोषमा रकम जम्मा गर्ने

काठमाडौं । कृषि तथा वन विज्ञान विश्वविद्यालयले बाढी प्रभावित परिवार तथा समुदायको राहत र पुनःस्थापनामा सहयोग पुर्‍याउन प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा गर्ने निर्णय गरेको छ ।

विश्वविद्यालयको शनिबार बसेको कार्यकारी परिषद्को बैठकले पदाधिकारी, शिक्षक तथा कर्मचारीको भदौ महिनाको तलब भुक्तानी गर्दा निश्चित प्रतिशत/दिन बराबरको रकम कट्टा गरी उक्त कोषमा जम्मा गर्ने निर्णय गरेको रजिस्ट्रारको कार्यालयले जनाएको छ ।

निर्णयअनुसार उपकुलपति, रजिस्ट्रार, सबै डिन र परीक्षा नियन्त्रकबाट एक महिनाको तलब बराबरको रकम कट्टा गरिनेछ । सबै निर्देशक र सहायक डिनबाट आधा महिनाको तलब बराबरको रकम कट्टा हुनेछ । प्राध्यापक तथा प्रशासक, सह-प्राध्यापक तथा सह-प्रशासक वा सो सरहका शिक्षक तथा कर्मचारीबाट मासिक सुरु तलब स्केलको १० दिन बराबरको रकम कट्टा गरिनेछ। उप-प्राध्यापक तथा उप-प्रशासक, शाखा अधिकृत तथा प्रशिक्षक वा सो सरहका कर्मचारीबाट सात दिनको तलब बराबरको रकम कट्टा हुनेछ ।

मुख्य कार्यालय सहायक, कार्यालय सहायक वा सो सरहका कर्मचारीबाट पाँच दिन तथा सवारीचालक, कार्यालय सहयोगीलगायत श्रेणीविहीन कर्मचारीबाट दुई दिन बराबरको पारिश्रमिक कट्टा गरिने विश्वविद्यालयले जनाएको छ । भदौ १० गते रसुवा जिल्लाको रसुवागढी, भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको भीषण बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवनलगायत जिल्लामा ठूलो जनधनको क्षति भएको थियो। सो घटनाप्रति दुःख तथा समवेदना व्यक्त गर्दै विश्व विद्यालयले प्रभावित परिवार तथा समुदायको राहत र पुनःस्थापनाका लागि सहयोग गर्ने निर्णय गरेको हो ।

विश्वविद्यालयका रजिस्ट्रार प्रा डा सुविर सिंहद्वारा जारी अत्यन्त जरुरी सूचनामा प्राकृतिक विपद्बाट प्रभावित परिवार तथा समुदायको राहत र पुनःस्थापना कार्यमा स्वेच्छिक रूपमा आर्थिक सहयोग गर्ने विश्वविद्यालयका सम्पूर्ण पदाधिकारी, शिक्षक तथा कर्मचारीप्रति धन्यवादसमेत व्यक्त गरिएको छ ।

## भोटेकोशी बाढी : पीडितका लागि तिलगंगा आँखा प्रतिष्ठानद्वारा एक करोड एक लाख सहयोग

काठमाडौं । गत बुधवार भोटेकोशीमा आएको विनाशकारी बाढीपीडितका लागि नेपाल आँखा कार्यक्रम, तिलगङ्गा आँखा प्रतिष्ठानले रु एक करोड एक लाख एक आर्थिक सहयोग गर्नेभएको छ ।

बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनाका लागि तिलगङ्गा आँखा प्रतिष्ठानले उक्त रकम सहयोग प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरेको हो । शनिबार जारी प्रेस विज्ञप्तिका अनुसार प्रतिष्ठानका कर्मचारीहरूले एक दिन बर बरको पारिश्रमिक कोषमा जम्मा गर्ने भएका छन् ।

बाढी प्रभावित क्षेत्रका घाइते तथा बिरामीको निःशुल्क आँखा उपचार गर्ने निर्णयसमेत भएको विज्ञप्तिमा उल्लेख गरि एको छ ।

रसुवा, नुवाकोट र धादिङमा कार्यरत कर्मचारीलाई ग्रामीण आँखा केन्द्रको सहयोगमा टिम बनाएर प्रभावित क्षेत्रमा खटाउने प्रतिष्ठानले जनाएको छ ।

## आइएमईद्वारा बाढी प्रभावितको सहयोगार्थ रु १० करोड सहयोग

काठमाडौं । आइएमई ग्रुपले भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण प्रभावित नागरिकहरूको खोज, उद्धार र तत्काल राहतका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु १० करोड सहयोग प्रदान गर्ने भएको छ ।

आइएमई ग्रुप तथा ग्रुपद्वारा प्रवर्द्धन गरिएका कम्पनी ग्लोबल आइएमई बैंक, आइएमई लिमिटेड, आइएमई लाइफ इन्स्योरेन्स, आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स, चन्द्रागिरि हिल्स, डिसहोम, आइएमई मोटर्स एवं साझेदार कम्पनी अशोक लेल्याण्ड, आइएमई खल्ती, स्विफ्ट टेक्नोलोजी, मिदास हेल्थ, माइमार्ट, लुम्बिनी केबलकार, आइएमई फाउन्डेसनलगायत अन्य कम्पनीमार्फत सो सहयोग उपलब्ध गराइएको हो ।

त्यसैगरी, आइएमई ग्रुपअन्तर्गतका कम्पनीमा कार्यरत कर्मचारीका तर्फबाट पनि सबैको एक दिनको तलब बराबरको रकम उपलब्ध गराउने निर्णय भएको ग्रुपले जनाएको छ ।

यसै अवसरमा सहयोगस्वरूप भन्दै आइएमईले संसारभरबाट सहयोग रकम नेपाल पठाउन निःशुल्क रेमिटेन्स सुविधा उपलब्ध गराएको तथा खल्ती आइएमई मोबाइल वालेटमार्फतसमेत सरकारको कोषमा सिधै रकम निःशुल्क जम्मा गर्न सकिने व्यवस्था मिलाएको छ । सो समूहले आग प्रकाशन गरेको विज्ञप्तिमा आइएमई फाउण्डेशनको समन्वयमा थप राहत तथा जिन्सी सहयोग उपलब्ध गराउने प्रतिबद्धता समेत गरेको छ ।

आइएमई ग्रुपले अकल्पनीय विपद्मा बेपत्ताको खोजी, घाइतेहरूको उपचार, प्रभावितका लागि खाद्यान्न र क्षतिग्रस्त संरचनाको पुनर्निर्माणमा सहयोग पुर्‍याउने उद्देश्यले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत उक्त सहयोग उपलब्ध गराउन लागेको जनाएको छ ।

सो समूहले देशका विभिन्न भूभागमा आएका भीषण बाढी, पहिरो, डुबान, भूकम्प तथा महामारीजस्ता विपद्का समयमा यसअघि पनि आर्थिक, भौतिक तथा मानवीय सहायता उपलब्ध गराउँदै आएको छ ।

## स्वास्थ्यकर्मीसहित १० जना सम्पर्कविहीन

रसुवा । जनस्वास्थ्य कार्यालय रसुवाले भोटेकोशी बाढीमा परी जिल्लाका छ स्वास्थ्यकर्मी एवं उनीहरूका परिवार समेत गरी १० जना सम्पर्कविहीन अवस्थामा रहेको जनाएको छ ।

जनस्वास्थ्य कार्यालय रसुवाका प्रमुख निर्दोज घर्तीमगरका अनुसार तीनमहिने छोरासहित टिमुरे स्वास्थ्य चौकीका इन्चार्ज सुस्मिता पाण्डे, आठमहिने छोरीसहित स्याफ्रुबेंसी स्वास्थ्य चौकीका इन्चार्ज खम्बु बोहारा र उनकी पत्नी कोपिला केसी, दालफेदी स्वास्थ्य चौकीका इन्चार्ज विजय घले र रसुवागढी हेल्थ डेस्कका स्वास्थ्यसहायक गोविन्द यादव सम्पर्कविहीन हुनुहुन्छ । यसैगरी, मैलुङ सामुदायिक स्वास्थ्य इकाइकी अनमी विनिशा शाही, उत्तरगया गाउँ पालिकाका स्वास्थ्य प्रमुख बलराम न्यौपाने र जनस्वास्थ्य अधिकृत प्रदीप न्यौपाने पनि सम्पर्कविहीन भएको प्रमुख घर्तीमगरले जानकारी दिनुभयो ।

बाढीका कारण प्रभावित क्षेत्रका स्वास्थ्य चौकीको भवन पूर्ण रुपमा क्षति भएका छन् । यसैबीच, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले बाढी प्रभावित क्षेत्रका जनतालाई स्वास्थ्य सेवा प्रवाह गर्नका लागि आवश्यक प्रबन्ध मिलाएको जनाएको छ ।

मन्त्रालयका जनस्वास्थ्य अधिकृत शङ्करप्रसाद कडेलले दोबुताम्बु अस्पताल गोलजुङमा उपचारको प्रबन्ध मिलाएको जानकारी दिनुभयो ।

## बाढीपीडितको उद्धार र राहतमा तीव्रता दिन पूर्वप्रधानमन्त्री नेपालको आग्रह

जनकपुरधाम । नेपाली कम्युनिष्ट पार्टीका सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले भोटेकोशी नदीमा आएको बाढीबाट विभिन्न जिल्लामा भएको व्यापक धनजनको क्षतिप्रति दुःख व्यक्त गर्नुभएको छ ।

स्वर्गीय पुष्पलाल स्मृति दिवसका अवसरमा पुष्पलाल मित्रता केन्द्र मधेस प्रदेशले शनिबार आयोजना गरेको 'वर्तमान राजनीतिक परिस्थितिमा वामपन्थी दलहरूको भूमिका' विषयक विचार गोष्ठीमा उहाँले बाढी तथा पहिरोका घटनामा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो । उहाँले घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ ।

बाढी तथा पहिरोमा परी हराइरहेका व्यक्तिको खोजी तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन र पीडितलाई राहत उपलब्ध गराउने कार्यमा तीव्रता दिन पूर्वप्रधानमन्त्री नेपालले सरकारसँग समेत आग्रह गर्नुभयो । उहाँले महाविपद्का समयमा सरकारको प्रयासमात्र पर्याप्त नहुने उल्लेख गर्दै सबै नागरिक, राजनीतिक दल तथा सरोकारवाला निकायले मानवीय सहयोगका लागि एकजुट हुनुपर्ने बताउनुभयो । नेपाल, भारत र चीनले यस्ता साझा समस्यालाई गम्भीरतापूर्वक लिएर संयुक्त रूपमा अघि नबढे तीनवटै देशले भविष्यमा गम्भीर सङ्कटको सामना गर्नुपर्ने उहाँले बताउनुभयो । मुलुकको समृद्धि, लोकतन्त्रको सुदृढीकरण तथा जनताका पक्षमा सामाजिक न्याय स्थापना गर्ने उद्देश्यका साथ कम्युनिष्ट पार्टीहरू अघि बढेको उल्लेख गर्दै पूर्वप्रधानमन्त्री नेपालले पुराना राजनीतिक दलहरूले मुलुकका लागि केही पनि नगरेको भन्ने भाष्य गलत रहेको जिकिरसमेत गर्नुभयो । कम्युनिष्ट शक्तिबीच बलियो एकता हुन नसक्दा मुलुकमा वामपन्थी शक्तिहरू कमजोर बन्दै गएको उहाँको भनाइ थियो । कम्युनिष्ट शक्तिको विभाजन र आपसी मतभेदका कारण अन्य राजनीतिक शक्तिहरू प्रभावशाली बन्ने अवस्था सिर्जना भएको उहाँले बताउनुभयो । "वस्तुगत परिस्थितिको सही ढङ्गबाट विश्लेषण गर्दै कम्युनिष्ट शक्तिबीच मजबुत एकता कायम गर्नु आजको आवश्यकता हो", उहाँले भन्नुभयो ।

कार्यक्रममा नेपाली कम्युनिष्ट पार्टी मधेस प्रदेशका इन्चार्ज महेन्द्रराय यादव, नेकपा एमालेका नेता लीलानाथ श्रेष्ठ, नेपाली कम्युनिष्ट पार्टीका नेताहरु जगरनाथ खतिवडा, रामचन्द्र झा, अजयशङ्कर नायक लगायतले राजनीतिक परिस्थितिमा वामपन्थी आन्दोलनको भूमिका, राजनीतिक दलबीचको सहकार्य तथा मुलुकको आर्थिक र सामाजिक रूपान्तरणका विषयमा धारणा राख्नुभयो ।

## परराष्ट्रमन्त्री खनाल र भेनेजुएलाका विदेशमन्त्री प्लासेन्सियाबीच टेलिफोन वाता

काठमाडौं । परराष्ट्रमन्त्री शिशिर खनाल र भेनेजुएलाका विदेश तथा अन्तरराष्ट्रिय व्यापारमन्त्री फेलिक्स प्लासेन्सियाबीच शनिबार टेलिफोन वार्ता भएको छ । वार्ताका क्रममा मन्त्री प्लासेन्सियाले नेपालमा आएको विनाशकारी बाढीबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्नुभएको छ । मन्त्री प्लासेन्सियाले भेनेजुएलाका राष्ट्रपति, सरकार तथा जनताकातर्फबाट बाढीबाट ज्यान गुमाएका नागरिकप्रति हार्दिक समवेदना व्यक्त गर्दै नेपालप्रति समर्थन र ऐक्यबद्धता व्यक्त गर्नुभएको परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले जानकारी दिनुभयो ।

मन्त्री प्लासेन्सियाले बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति भेनेजुएला सरकार र जनताका तर्फबाट गहिरो दुःख व्यक्त गर्दै यस कठिन समयमा नेपालसँग आफ्नो देशको ऐक्यबद्धता रहेको बताउनुभएको थियो ।

परराष्ट्रमन्त्री खनालले विपद्को यस कठिन घडीमा भेनेजुएलाका राष्ट्रपति तथा सरकारबाट व्यक्त गरिएको समर्थन, ऐक्यबद्धता र समवेदनाप्रति हार्दिक आभार व्यक्त गर्नुभयो । मन्त्री खनालले बाढी तथा विपद्बाट प्रभावित नागरिकको खोज, उद्धार तथा राहतका लागि सरकारले आफ्नो नियन्त्रणमा रहेका सबै स्रोतसाधन परिचालन गरिरहेको जानकारीसमेत गराउनुभयो । उहाँले प्रभावित सबै नागरिकको जीवनरक्षा, बेपत्ताको खोजी तथा उद्धार र राहत वितरणलाई सरकारले उच्च प्राथमिकता मा राखेको बताउनुभएको थियो ।

## रेफ्रिजरेटिङ कन्टेनर नहुँदा शव व्यवस्थापन हम्मेहम्म

काठमाण्डौ । शनिबार अपराह्नसम्म भोटेकोशी बाढीबाट मृत्यु भएका व्यक्तिको ६६९ वटा शव फेला परेका छन् । नेपाल प्रहरीका अनुसार १४८ महिला, २६८ पुरुष, २२ बालिका, २० बालक र २११ आंशिक अङ्गसहितको शव फेला परेको छ ।

रसुवामा १३, नुवाकोटमा ४१, धादिङमा ४९, चितवनमा २४८, गोरखामा ५४, तनहुँमा ३१, नवलपरासी पूर्वमा १५८ र नवलपरासी पश्चिममा ७५ वटा शव फेला परेको प्रहरी तथ्याङ्क छ ।

फेला परेकामध्ये २० वटा शव आफन्तको जिम्मा लगाइएको छ । प्रभावित जिल्लामा फरेन्सिक चिकित्सकको अभाव हुँदा शवको व्यवस्थापनमा समस्या पैदा भएको छ । शव भण्डारणका लागि पर्याप्त 'रेफ्रिजरेटिङ कन्टेनर' नहुँदा प्रहरीलाई ती शव सुरक्षित राख्न 'हम्मेहम्मे' परेको छ । अस्पतालका शव गृह भरिएका छन् । शव भण्डारणमा समस्या देखिन थालेपछि जिल्ला प्रशासन कार्यालय चितवनले आज केही शव जमिनमा समाधिस्थ गरेको छ ।

केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्ले बाढीमा परेर निधन भएका व्यक्तिको शव व्यवस्थापन चुनौतीका रूपमा देखिएको बताउनुहुन्छ । "शव व्यवस्थापनका लागि चाहिने 'रेफ्रिजरेटिङ कन्टेनर'को निकै जरुरी देखिएको छ", उहाँले भन्नुभयो, "हामीले यसबारेमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँग पहल गरिरहेको छौं ।" बाढीले बगाएर ल्याएका शवको सुरक्षित व्यवस्थापनमा ढिलाइ हुँदा महामारी फैलनसक्ने चिकित्सकको चेतावनी छ । फेला परेका कतिपय शव पहिचान हुनै नसक्ने अवस्थामा छन् । कतिपय स्थानमा त मानव अङ्ग मात्रै फेला परेका छन् । शव सङ्कलन, पहिचान र व्यवस्थापनका लागि विशेष टोली परिचालन गरिएको प्रहरीले जनाएको छ । फेला परेका शवको तस्विर ट्यागसहितको विवरण प्रहरीको वेबसाइटमा राखिएको छ ।

प्रहरी हेडक्वार्टरमा प्रहरी नायब महानिरीक्षक सुदर्शनप्रसाद कोइरालाको नेतृत्वमा 'नेपाल प्रहरी विपद् उद्धार तथा समन्वय सूचना व्यवस्थापन केन्द्र' सञ्चालन गरेर प्रतिकार्यलाई व्यवस्थित बनाइएको छ । विपद् भएकै दिन साँझदेखि सो केन्द्र सञ्चालनमा आएको हो । सो केन्द्रले त्यसैदिनदेखि फेला परेका शवको फोटो र भिडियोसहितको विस्तृत विवरण लिने र त्यसको व्यवस्थापनको काम गर्दै आइरहेको छ ।

## तनहुँमा ड्रोनको सहयोगमा शव खोजिँदै, शनिबार (हिजो) चार शव भेटिए

दमौली । रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछि तनहुँस्थित त्रिशूली नदीमा खोज तथा उद्धारका क्रममा शनिबार चार वटा शव भेटिएको छ । आँबुखैरेनीमा दुई र देवघाट क्षेत्रमा दुई शव फेला परेको हो ।

फेला परेको शवलाई आवश्यक मुचुल्कासहित प्रदेश अस्पताल दमौलीमा ल्याइएको प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले जानकारी दिनुभयो । त्रिशूली नदी क्षेत्रमा ड्रोनको सहायताबाट पनि शव खोज्ने काम गरिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "उद्धार टोली जान नसक्ने स्थानमा ड्रोनबाट हेर्ने काम सुरु गरेका छौं । यसले शव खोज्न सहज हुनेछ ।"

आज चार वटा शव फेलापरेसँगै तनहुँको त्रिशूली नदीबाट ३५ वटा शव निकालिएको छ । त्यसमध्ये ११ वटा शव प्रदेश अस्पताल दमौलीमा राखिएको छ भने २४ वटा शव पोखरा पठाइएको छ । प्रदेश अस्पताल दमौलीमा राखिएका शवको फोटो खिचेर क्युआर कोडबाट हेर्न सकिने व्यवस्था मिलाइएको छ । यसले मृतकका आफन्तलाई शवको पहिचान गर्न सजिलो हुने प्रजिअ तिवारीले बताउनुभयो । आइतबार शव व्यवस्थापन जिल्ला समितिको बैठक बसेर आवश्यक निर्णय लिने तयारी गरिएको छ । प्रदेश अस्पताल दमौलीमा राखिएको शवको डिएन परीक्षणकोसमेत तयारी गरिएको प्रजिअ तिवारीले बताउनुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयः नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com